अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ५ असोज ०८१

संक्षेप

'सरकार निजी क्षेत्रमैत्री सुधारमा केन्द्रित छ'

काठमाडौं उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकार निजी क्षेत्रमैत्री नीतिगत सुधारमै केन्द्रित रहेको बताएका छन्। ललितपुर उद्योग वाणिज्य संघको ४५औं साधारणसभामा बोल्दै मन्त्री भण्डारीले अर्थ, राष्ट्र बैंकलगायतका सरोकारवालासँग समन्वय गर्दै निजी क्षेत्रमैत्री नीतिगत सुधार गर्ने बताएका हुन्।

कार्यक्रममा संघका अध्यक्ष विश्वराज बज्राचार्यले रोप्ट्या-समस्या निर्धार दोहोरको देशलाई उद्यमशीलता र उत्पादनमुखी बनाउन निजी क्षेत्रमैत्री नीति-नियम बनाउनुपर्ने बताए। सांसद प्रेम मातहँतले युवाहरुको नवप्रवर्तन सोच तथा उद्यमशीलतालाई राज्यले प्रोत्साहन गर्नुपर्ने बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पछिल्लो लगानी सम्मेलनका बेला गरिएका नीतिगत तथा कानुनी सुधारका कारण आठ लगानीको सम्भावना बढेको बताए।

बिजनेस इन्टेलिजेन्स सिस्टम सञ्चालनमा

काठमाडौं नेपाल उद्योग वाणिज्य महासंघले मंगलबारदेखि बिजनेस इन्टेलिजेन्स सिस्टम (बिआइएस)को औपचारिक सुरुवात गरेको हो। महासंघका सदस्यहरुको डाटाबस, अध्ययन-अनुसन्धान र कार्यालय व्यवस्थापना यसको प्रयोग गरिनेछ। यस प्रणालीमा महासंघका सदस्यहरुले समेत प्रयोग गर्न सक्ने गरी सम्पूर्ण सदस्यहरुको जानकारी राखिनेछ। महासंघमा अन्तर्वार्ता-प्रत्यक्ष गरी करिब ६ लाख व्यवसाय आबद्ध छन्। ती सदस्यहरुको विवरण यस प्रणालीमा रहनेछ।

यसैगरी, नीतिगत सुधार तथा पार्न वा अन्य आवश्यकतानुसारको अध्ययन गर्न यस प्रणालीबाट सर्वेक्षण गर्न सकिनेछ। मलेजर प्लेटफर्मको रुपमा महासंघले गरेका अध्ययन र अन्य तथ्यांक र प्रकाशन यस प्रणालीमा राखिनेछ। जुन सर्वसाधारणको पहुँचमा रहनेछ। यो प्रणालीको उपधारक गर्दै महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको अध्ययन-अनुसन्धान र नीतिगत पैरवीमा यसले सहजता प्रदान गर्ने बताए।

राहुघाट जलविद्युतको निर्माण ८० प्रतिशत सम्पन्न

काठमाडौं नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रसुगंगा हाइड्रोपावरले निर्माण गरिरहेको ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको काम ८० प्रतिशत सकिएको छ। नेपाल सरकार तथा प्राधिकरणको लगानी र निर्यात-आयात (एक्जिम) बैंक, भारतको लाइन अफ क्रेडिटबाट प्राप्त ऋणमा स्थानीकृत रसुगंगा गार्उपालिकामा निर्माणाधीन आयोजना आगामी असारभित्र सक्ने लक्ष्य छ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं रसुगंगा हाइड्रोपावरका सञ्चालक समितिका अध्यक्ष कुलमान घिसिङले बिहीबार निर्माणस्थलको अनुगमन गर्दा निर्माणमा खटिएका व्यवस्थापन, फर्मार्छाता र निर्माण व्यवसायीहरुसँग छलफल गरेका थिए। आयोजनाको अनुमानित लागत नौ अर्ब १७ करोड रुपैयाँ छ। आयोजनामा भारतीय एक्जिम बैंकको ६ करोड ७० लाख डलर सहूलियतपूर्ण ऋण रहेको छ। बाँकी रकम सरकार र प्राधिकरणले लगानी गरेका छन्।

ब्याजदर घटाउँदै संसारभरका केन्द्रीय बैंकहरू
राष्ट्र बैंक भन्छ- नेपाललाई प्रत्यक्ष असर पार्दैन

पवन तिमिल्सिना नयाँ पत्रिका

रुस-युक्रेन युद्धले महँगीविरुद्ध लडने नीतिगत ब्याजदरलाई बढाए उच्चतम बिन्दुमा पुऱ्याएका संसारभरका केन्द्रीय बैंकहरूले आफ्नो नीतिमा चिर्खे गियर लगाउन थालेका छन्। संसारको शक्तिशाली राष्ट्र अमेरिकाको फेडरल रिजर्भ बैंक (फेड)ले गत वुधवार ब्याजदर ०.५ प्रतिशत (५० आधार बिन्दु)ले घटाएर ४.७५ देखि ५ प्रतिशतसम्म पुऱ्याएको छ। यसअघि चौमले गत ७ साउनमा ब्याजदर १० आधार बिन्दुले घटाएर ५.३५ देखि ५.८५ प्रतिशतसम्म सीमित गरेको थियो। गत ८ साउनमा क्षीतकालले ब्याजदर २५ आधार बिन्दुले घटाए ८.२५ देखि ९.२५ प्रतिशतसम्म कायम राखेको छ। यद्यपि, निर्यात खस्किन थालेपछि गत १० भदौमा बंगलादेशले ब्याजदर ५० आधार बिन्दुले बढाए ९ प्रतिशत पुऱ्याएको थियो। पाकिस्तानले २७ भदौमा २०० आधार बिन्दुले ब्याजदर घटाए १७.५ प्रतिशत राखिसकेको छ। भारतले २५ मार्च ०८० बता ९.५ प्रतिशतको नीतिगत दरलाई यथावत् नै राखेको छ। यूरोपियन युनियनले पनि तत्काल नीतिगत दरलाई नबढाउने संकेत दिइसकेको छ।

संसारभर नै ब्याजदर घटिरहेका बेलामा नेपालले पनि ब्याजदरलाई गत ११ साउनमा सार्वजनिक मौद्रिक नीतिमार्फत ०.५ प्रतिशत बिन्दुका दरले घटाए नीतिगत दरलाई ५ प्रतिशत र बैंकदरलाई ६.५ प्रतिशतमा कायम राखिसकेको छ।

अमेरिकाको ब्याजदर कटौतीले मध्यपूर्वका केही देशहरूबाहेक नेपालगायत प्रत्यक्ष असर नपर्ने राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेलले बताए। अमेरिकी ब्याजदर कटौतीलाई भारत र नेपालका व्यापारिक साझेदार देशहरूमा पार्ने प्रभाव र ती देशहरूले लिने नीतिलाई भने ध्यान दिइपर्ने उनको भनाइ छ। उनले भने, 'अमेरिकाले मुद्रास्फीतिलाई २ प्रतिशतमा भार्ने लक्ष्य लिएको थियो। अझै पनि उसको मुद्रास्फीति २.५ प्रतिशतमा छ। बेरोजगारी दर बढेकाले अर्थतन्त्रलाई चलायमान राख्न फेडले ब्याजदर घटाएको देखिन्छ। यसको सीधा असर मध्यपूर्वका देशहरू र हाम्रोमा पनि पर्ने हो। तर, यसको प्रत्यक्ष असर पर्दैन।'

आगामी ७-९ अक्टोबरमा भारतको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियाको मौद्रिक नीति समितिको बैठक बस्दै छ। यो समितिले अमेरिकी ब्याजदर कटौतीबाट पार्ने असर र आगामी नीतिबारे निर्णय गर्ने तयारी गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। भारतसँग नेपाली मुद्रा पेग भाएकाले पनि भारतले लिने नीति नै बढी अर्थपूर्ण हुने पौडेलको बुझाइ छ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले बिगतमा रुस-युक्रेन युद्धका कारण सबै देशका केन्द्रीय बैंकहरूले नीतिगत दरलाई उच्चतम बिन्दुमा राखें। अहिले मुद्रास्फीति निम्नक्रममा आएपछि फटाउँदै गएका छन्। आर्थिक गतिविधि चलायमान हुने अपेक्षाले पनि नीतिगत दर बढाएको देखिन्छ। फेडले ब्याजदर घटाएपछि अमेरिकी डलर पनि सस्तो हुन्छ। सस्तो डलर भएका बेलामा नेपालजस्तो देशले वैदेशिक ऋण परिचालन गर्न सहज हुन्छ। यसबाट नेपालले विकास निर्माणका लागि ऋण व्यवस्थापनबाट लाभ लिने अवसर हो। नेपालको ब्याजदर त नघट्ने किनुमा आइसकेको छ। मुद्रतीको ब्याजदर मुद्रास्फीतिभन्दा उच्च नै छ। राष्ट्र बैंकले पनि यो तत नआओस् भनेर निक्षेप उठाइरहेको छ।

हामीलाई प्रत्यक्ष असर पर्दैन

● रामु पौडेल, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

अमेरिकाले मुद्रास्फीतिलाई २ प्रतिशतमा भार्ने लक्ष्य लिएको थियो। अझै पनि उसको मुद्रास्फीति २.५ प्रतिशतमा छ। बेरोजगारी दर बढेकाले अर्थतन्त्रलाई चलायमान राख्न फेडले ब्याजदर घटाएकोले देखिन्छ। यसको सीधा असर मध्यपूर्वका देशहरू र हाम्रोमा पनि पर्ने हो। तर, यसको प्रत्यक्ष असर पर्दैन।

वैदेशिक स्रोत बढाउने अवसर

● भुवन दाहाल, पूर्वअध्यक्ष, नेपाल बैंकर्स संघ

बिगतमा रुस-युक्रेन युद्धका कारण उच्च मुद्रास्फीतिलाई नियन्त्रणमा राख्न सबै देशका केन्द्रीय बैंकहरूले नीतिगत दरलाई उच्चतम बिन्दुमा राखें। अहिले मुद्रास्फीति निम्नक्रममा आएपछि फटाउँदै गएका छन्। आर्थिक गतिविधि चलायमान हुने अपेक्षाले पनि नीतिगत दर बढाएको देखिन्छ। फेडले ब्याजदर घटाएपछि अमेरिकी डलर पनि सस्तो हुन्छ। सस्तो डलर भएका बेलामा नेपालजस्तो देशले वैदेशिक ऋण परिचालन गर्न सहज हुन्छ। यसबाट नेपालले विकास निर्माणका लागि ऋण व्यवस्थापनबाट लाभ लिने अवसर हो। नेपालको ब्याजदर त नघट्ने किनुमा आइसकेको छ। मुद्रतीको ब्याजदर मुद्रास्फीतिभन्दा उच्च नै छ। राष्ट्र बैंकले पनि यो तत नआओस् भनेर निक्षेप उठाइरहेको छ।

राष्ट्र बैंकले फेरि ब्याजदर घटाउला ?

आर्थिक वर्ष ०८०/८१ मा नेपालको औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। आर्थिक वर्ष ०८१/८२ का लागि मुद्रास्फीति ५.५ प्रतिशतको अनुमान बजेटले गरेको छ। वाणिज्य बैंकहरूले असोजमा मुती निक्षेपको औसत ब्याजदर ६.४ प्रतिशत कायम राखेका छन्। मुती निक्षेपको ब्याजदर मुद्रास्फीतिको लक्षित सीमाभन्दा तल आउन नदिन केन्द्रीय बैंकले ब्याजदर करिडोरको तल्लो सीमाको दर ३ प्रतिशतमा निक्षेप संकलन गरिरहेको छ। त्यसैले मुद्रास्फीतिभन्दा निक्षेपको ब्याजदर कम हुने सम्भावना न्यून रहेको कार्यकारी निर्देशक पौडेलको भनाइ छ। नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले नेपालको ब्याजदर न्यून किनुमा आइसकेको यस पटने सम्भावना न्यून रहेको बताए। उनले भने, 'तीन महिनाकाको निक्षेपको ब्याजदर हेर्ने हो भने ऊन्नेश्वर माआमा घटेको देखिँदैन। मुद्रतीको ब्याजदर मुद्रास्फीतिभन्दा उच्च नै छ। राष्ट्र बैंकले पनि यो तत नआओस् भनेर निक्षेप उठाइरहेको छ। त्यसैले यस ब्याजदर घट्ने देखिँदैन।'

■ विभिन्न देशका केन्द्रीय बैंकले परिमार्जन गरेको ब्याजदर

मिति	देश	परिवर्तन दर	ब्याजदर
२ असोज ०८१	अमेरिका	-०.५ प्रतिशत बिन्दु	४.७५-५ प्रतिशत
७ साउन ०८१	चीन	-०.१ प्रतिशत बिन्दु	३.१५-३.८५ प्रतिशत
२५ माघ ०८०	भारत	+०.२५ प्रतिशत बिन्दु	६.५ प्रतिशत
८ साउन ०८१	श्रीलंका	-०.२५-९.२५ प्रतिशत	८.२५-९.२५ प्रतिशत
११ साउन ०८१	नेपाल	-०.५ प्रतिशत बिन्दु	५-५.५ प्रतिशत
१० भदौ ०८१	बंगलादेश	+०.५ प्रतिशत बिन्दु	९ प्रतिशत
२७ भदौ ०८१	पाकिस्तान	-०.२ प्रतिशत बिन्दु	१७.५ प्रतिशत



भारतले लिने नीति नै बढी अर्थपूर्ण हुने पौडेलको बुझाइ छ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले बिगतमा रुस-युक्रेन युद्धका कारण भएको उच्च मुद्रास्फीतिलाई नियन्त्रणमा राख्न सबै देशका केन्द्रीय बैंकहरूले नीतिगत दरलाई फटाउँदै गएको बताए। उनले भने, 'आर्थिक गतिविधि चलायमान हुने अपेक्षाले पनि नीतिगत दर फटाएको देखिन्छ।'

■ नेपालले उठाउन सक्ने लाभ

विश्वमा अझ मुद्रास्फी तुलनामा इलकको मूल्य प्रायः स्थिर हुने भएकाले अधिकांश देशले इलरमा कारोबार गर्छन्। फेडले ब्याजदर फटाउनेबित्तिकै अमेरिकी इलरप्रतिको आकर्षण घट्ने भएकाले इलर कमजोर हुन्छ। अमेरिकी इलर कमजोर हुँदा नेपाललाई सस्तोमा वस्तु आयात गर्न सक्ने अवसर छ। सस्तोमा वस्तु आयात गर्दा व्यापारघाटा न्यूनीकरणमा योगदान पुग्ने देखिन्छ। त्यसबाहेक नेपालका बैंकहरू तथा सरकारले विदेशी ऋण ल्याएर क्षेत्र व्यवस्थापनलाई सहज बनाउन सक्ने अवसर रहेको कार्यकारी निर्देशक पौडेलको भनाइ छ।

यद्यपि, निर्यात खस्किँदै गइरहेको अवस्थामा इलर कमजोर हुँदा कम मूल्यमा वस्तु निर्यात गर्नुपर्ने जोखिम रहेछ। साथै, इलर घट्दा रेमिट्यान्सको मूल्य पनि घट्ने भएकाले बसबाट रेमिट्यान्स आयमा पनि कमी आउन सक्ने देखिन्छ।

दाहालले भने, 'फेडले ब्याजदर घटाएपछि अमेरिकी इलर पनि सस्तो हुन्छ। सस्तो डलर भएका बेलामा नेपालजस्तो देशले वैदेशिक ऋण परिचालन गर्न सहज हुन्छ। यसबाट नेपालले विकास निर्माणका लागि ऋण व्यवस्थापनबाट लाभ लिने अवसर हो।'

■ ब्याजदर कटौतीको असर डलर र सुनमा

पछिल्लो समय अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा बलियो हुने क्रममा देखिन्छ। राष्ट्र बैंकका अनुसार फेडले ब्याजदर फटाउनुअघि मंगलबार एक अमेरिकी डलरबराबर नेपालमा खरिद मूल्य १३१.९३ रुपैयाँ थियो भने बिक्री मूल्य १३५.९३ रुपैयाँ थियो। शुक्रबार इलरको बिक्री मूल्य १३१.६ रुपैयाँ र बिक्री मूल्य १३४.२ रुपैयाँमा झरेकोसको छ।

इलरमा आकर्षण घटेपछि लगानीकर्ता सुनमा लगानी बढाउन थाल्छन्। जसले सुनको अन्तर्राष्ट्रिय मूल्यमा समेत वृद्धि हुन्छ।

■ नागढुंगा-मुग्लिन सडक विस्तारमा ६ बुँदे सहमति

१७ असोजभित्र मर्मत सक्नुपर्ने

नयाँ पत्रिका

नागढुंगा-नौबिसे-मलेखु-मुग्लिन सडक विस्तारलाई गति दिन ६ बुँदे सहमति भएको छ। शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको सर्वपक्षीय छलफलमा आयोजनामा देखिएका समस्या समाधान गरी निर्माणलाई गति दिन तीने तहका सरकार, निर्माण व्यवसायी तथा सम्बद्ध पक्षहरू सहमत भएका हुन्।

छलफलमा निर्माण सामग्री उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डमोजिम निर्माण व्यवसायीबाट थ्रोत पहिचान गरी प्रस्ताव गरेमा सम्बन्धित पालिकाहरूबाट वातावरणीय अध्ययन प्रतिवेदनमा समेत खानीखन्नाट कच्चा निर्माण सामग्री उत्खनन गर्न सहयोग गर्ने सहमति भएको छ। त्यसमा सडकीकरण गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने पनि सहमतिपत्रमा उल्लेख छ।

निर्माण व्यवसायीले थ्रोत उपयोग गरेको पालिकालाई नियमानुसार राजस्व तिर्नुपर्ने सहमति पनि भएको छ। तर, ओसारपसारमा थप वा दोहोरो कर नलाने सहमति भएको छ।

मन्त्रालयको भनाइ छ। साथै, योजना कार्यान्वयनको सन्दर्भमा निर्माण व्यवसायीले स्थापना गर्नुपर्ने क्रसर प्लान्ट-अस्फल्ट प्लान्ट राख्नका लागि सम्बन्धित निकायले आवश्यक सहयोग गर्ने पनि सहमति भएको छ।

सडक विभागले तत्काले सीतापाइला, घार्के, भीमदुंगा, लामीडाँडा, गल्छी तथा गल्छी पोखाटार (त्रिभुवनी चारिपट्टि)मा भद्रगेका सडकहरूको अवस्थाअनुसार डाइभर्सन सडकको रूपमा प्रयोग गर्नेसमेत सम्मतिपत्रमा उल्लेख छ। सडक निर्माण गर्दा प्रवलनमा रहेका सिंचाइ र खाला सडकहरूमा अवरोध नहुने गरी निर्माण कार्य गराउने विषय पनि सहमतिपत्रमा उल्लेख छ। छलफलको सहमतिअनुसार निर्माण व्यवसायीले अल्पकालीन रूपमा आगामी चाडपर्वलाई लक्षित गरी असोज १७ गतेभित्रमा सम्पूर्ण मर्मतको काम सकुनर्ने भएको छ।

यस्ते, आर्थिक वर्ष ०८१/८२ को लक्ष्यअनुसार काम नभए आयोजना सम्झौताका सर्तबमोजिम कारबाही हुने सहमति पनि भएको छ।

पहाडी जिल्लामा बल्ल चामल ढुवानी

सुदूरपश्चिमका सात जिल्लाका ३२ वटा खाद्य डिपो र बिक्री केन्द्रमध्ये अधिकांशमा छैन चामलको मौज्दात

धनगढीमा तेजराज भट्ट
बाँकेमा विश्वराज पण्डितद्वारा

दसैंलाई लक्षित गरेर सुदूरपश्चिमका सातवटा पहाडी जिल्लामा खाद्यान्न ढुवानी सुरु भएको छ। सात जिल्लामा रहेका खाद्यका ३२ वटा डिपो र बिक्री केन्द्रमध्ये अधिकांशमा चामलको मौज्दात छैन। जिल्ला सदरमुकाम र सहूलियत मूल्य पसल सञ्चालन हुने स्थानमा दुई-दुई सय क्विन्टल चामल पठाउन लागिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रादेशिक कार्यालय धनगढीका निमित्त प्रमुख इन्जिला बम्नेतले बताइन्।

सातवटै जिल्लाका सदरमुकाम, बजारुका कोल्टी, दार्चुलाको खप्तडस्त्री र बभाडको कौडा डिपोमा पनि खाद्यान्न पठाइने जानकारी दिइन्। 'चामल ढुवानीका लागि ढुवानीकर्तासँग सम्झौताको प्रक्रियामा छ, सहूलियत पसल सञ्चालनका लागि सम्झौताआँप नै ढुवानीकर्तालै चामल ढुवानी थालेको छ,' उनले थपिन्, 'सम्झौता भएपछि अर्क ठाउँमा पनि चामल पठाउँछौं।'

जिल्ला सदरमुकाम तथा बाजुराको कोल्टी, दार्चुलाको खप्तडस्त्री र बभाडको कौडाखोक अन्य डिपोमा १५ असोजदेखि माघ ढुवानी सुरु हुने खाद्यले जनाएको छ। खाद्यका अनुसार बाजुराको कनाडाँमा रहेको डिपो र मुक्तिकोट बिक्री केन्द्रमा चामलको मौज्दात सकिएको छ। मार्तडीमा करिब चार हजार क्विन्टल र कोल्टीमा करिब दुई हजार आठ सय क्विन्टल चामल मौज्दात छ। बाजुरामा खाद्यले बर्सौंन २० हजार क्विन्टल चामल बिक्री गर्छ।

बभाडको साइपाल गाउँपालिकाको कौडामा चामलको मौज्दात सकिएपछि गाउँपालिका अध्यक्ष मानबीर बोहरा चामल माथै खाद्य व्यवस्थाको क्षेत्रीय कार्यालय धनगढी पुगेका थिए। उनले कौडास्थित खाद्यको डिपोमा एक महिनादेखि चामल सकिएको बताए। 'अहिले ढुवानी हुन नसके चाडबाडका बेला त्यहाँका नागरिकले खाद्यान्न अभावको समस्या भोग्नुपर्ने हुन्छ,' उनले भने, अध्यक्ष बोहराले दसैंका लागि करिब हजार क्विन्टल चामल आवश्यक पर्ने बताए।

बभाड सदरमुकामको बिक्री केन्द्रमा करिब दुई सय क्विन्टल मात्र चामल मौज्दात रहेको र सदरमुकामबाहिरका तीन बिक्री केन्द्रमा मौज्दात सकिएको खाद्यको प्रादेशिक कार्यालयले जनाएको छ। कार्यालयका अनुसार दार्चुलामा खाद्यको चामल बिक्री हुने ११ ठाउँमध्ये सदरमुकामको बिक्री केन्द्रमा मात्र पाँच सय क्विन्टल चामल मौज्दात छ। अछाममा चारवटा बिक्री केन्द्रमध्ये सदरमुकाममा मात्र तीन सय क्विन्टल चामल मौज्दात रहेको निमित्त प्रमुख बम्नेतले जानकारी दिइन्।

बैतडीका चारवटै बिक्री केन्द्र खाली छन्। बैतडी र डोटीमा खाद्यले वर्षभरिमा दुई-दुई हजार क्विन्टल कोटा निर्धारण गर्छ। डोटीमा दसैंका लागि सहूलियत मूल्य पसल सञ्चालन गर्न पनि चामल पिएन। सुदूरपश्चिमका अन्य जिल्लाको तुलनामा बाजुरा, दार्चुला र बभाडमा खाद्यको चामल बढी बिक्री हुन्छ। स्थानीयले आवश्यकताअनुसार व्यापारीबाट किन्ने भएकाले डोटी, डडेल्धुरा, बैतडीमा तुलनात्मक रूपमा खाद्यको चामल कम खपत हुन्छ। धनगढीको गोदामबाट सुदूरपश्चिमका साथै हुम्लाको श्रीनगर, सुर्खेत, मुगुमा समेत खाद्यान्न ढुवानी गर्छ। अन्य जिल्लामा ढुवानीका लागि प्रादेशिक कार्यालयले हरेक सिजनमा कैलाली, कञ्चनपुरमा किसानबाट खाद्यान्न खरिद गर्छ। गत सिजनमा खाद्यले कैलालीबाट, कञ्चनपुरबाट करिब साढे २१ हजार क्विन्टल धान खरिद गरेको थियो।

दसैंका लागि कर्णालीमा चामल पठाउन बल्ल टेन्डर

कर्णाली र लुम्बिनीको पहाडी क्षेत्रमा चामल ढुवानीका लागि खाद्य कम्पनीले टेन्डर आह्वान गरेको छ। ३१ हजारमध्ये २६ हजार क्विन्टल कर्णाली प्रदेशको हिमाली तथा पहाडी जिल्लाका लागि हो। इ-बिडिङमार्फत भएको टेन्डर केन्द्रले खोलेर हालैत प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी पाएका छौं,' कम्पनी नेपालगञ्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले भने, 'ढुवानीका लागि ढुवानी कम्पनीसँग सम्झौता भए पनि दसैंआघ लैजान सम्भव देखिँदैन।' उनले कम्पनीले चामल अभाव भएको जिल्लामा पठाउने बताए। तर, जिल्लाभित्र खाद्यका गोदाममा चामल रहेकाले अभाव नहुने दाबी उनले गरे। लामिछानेका अनुसार नेपालगञ्जमा १३ हजार क्विन्टल चामल मौज्दात छ।

खाद्य कम्पनी कर्णाली प्रदेश कार्यालयका प्रमुख माधव मिश्रका अनुसार सुर्खेतमा नौ हजार क्विन्टल र हुम्लामा आठ हजार क्विन्टल चामल मौज्दात छ। जुम्लामा भने दुई सय क्विन्टल मात्र चामल छ। 'जुम्लामा अहिले थरी मौज्दात छ, आइतबार थप १६० क्विन्टल चामल पठाएका छौं। फेरि आशयपत्र जारी गरेर थप चामल सुर्खेतबाट पठाउँछौं,' मिश्रले भने। कम्पनीको कर्णाली प्रादेशिक कार्यालयले कर्णाली प्रदेशमा पर्ने सल्यान र पश्चिम कुसुमखोरुक सबै जिल्लामा चामल पठाउने गरेको छ।

आमाछोदिडमो गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गोल्जुङवेशी, रसुवा
बागमती प्रदेश, नेपाल

सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८१/०६/०५ गते

यस गाउँपालिकाको चालु आ व २०८१/८२ मा सवारी साधन खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक विकेतासँग बिच मात्र प्रतिस्पर्धा गराउने (क्वाटलेश मांगेर) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विकेतासँ आ-आफ्नो पमं दर्ता भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ व २०८० ८१ को आयकर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिसहित सम्बोधन गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) अनुसार दोहाय बमोजिमको सवारी साधनको उत्पादन आधिकारिक स्पेसिफिकेसन, मूल्य र सुविधा महितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) सलग्न गर्खी यो सूचना प्रकाशित भएको ७ (सात) औ दिनको कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी, रसुवामा शिलबन्दि पस्ताव दर्ता गर्नेहुन सम्बन्धित उत्पादक वा आधिकारिक विकेतालाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

क. स.	खरिद गर्नुपर्ने सवरी साधन	संक्षिप्त विवरण	संख्या	कैफियत
१	चारपाइ सवारी साधन (Four Wheel Jeep)	Four Door Right Hand Drive 4WD double Cab Pick-up diesel engine Jeep Type Vehicle suitable to operate in rough and hilly mad condition of Nepal with operation condition at an altitude up to 4000 m and in ambient temperature between -15° C to 50° C, Maximum Gross Vehicle Weight (GVW) of the vehicle not less than 3000 KG	१ (एक)	संक्षिप्त विवरणमा उल्लेख नभएको कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
झापा भूमिगत जल सिँचाइ आयोजना
झापा

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०६/०५

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१ ०३ १८ मा प्रकाशित सूचना अनुसार यस झापा भूमिगत जल सिँचाइ आयोजनाको कार्यक्षेत्र भित्र दिइए ट्युवेल निर्माण र पम्प टेष्ट कार्यको लागि पेश हुन आएका बोलपत्रहरुको मिति २०८१ ०५ २८ मा खोलिएकोको आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावपूर्ण देखिन आएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतीको लागि छलौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क. स.	बोलपत्र नं.	कार्यको विवरण	छनौट भएको बोलपत्रदाता नाम र ठेगाना	कबोल रकम रु. (भ्याट र PS सहित)
१	JGWIP/DTW/ NCB /03/2080/81	झापा जिल्लाको कचनकवल गाउँपालिकामा डिप ट्युवेल निर्माण र पम्प टेष्ट कार्य	Janakpur Construction and Tubewell Drilling Company Pvt. Ltd, Janakpurdham-14, Dhanusa	14,143,429.53
२	JGWIP/DTW/ NCB/ 04/2080/81	झापा जिल्लाको भद्रपुर न पा र कचनकवल गा पा मा डिप ट्युवेल निर्माण र पम्प टेष्ट कार्य	Janakpur Construction and Tubewell Drilling Company Pvt. Ltd, Janakpurdham-14, Dhanusa	16,972,104.56

आयोजना प्रमुख

Scanned with CamScanner